# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५१९५५६८ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org

मिति २०७७/८/२८

# हार्दिक अपिल

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को असर नेपालमा पर्नासाथ त्यसको प्रभाव शैक्षिक क्षेत्रमा समेत पर्न गयो र त्रि.वि. पनि यसबाट अछुतो रहेन । विगत २०७६ चैत्र महिना देखि त्रि.वि. अन्तर्गतका पठन-पाठन तथा संचालन भैरहेका र हुने क्रममा रहेका परीक्षाहरु स्थगित हुन पुगे । यस विचमा परीक्षाहरु सुचारु गर्ने कोसिसहरु सफल हुन सकेनन् । यस विषम परिस्थितिमा पनि शुरु देखि नै व्यवस्थापन संकायले विद्यार्थीहरुको भविष्य र अवसरहरुलाई मध्यनजर गर्दै विभिन्न वैकल्पिक विधिहरुबाट पठन-पाठन संचालन गर्ने कुरामा जोड दिएको र प्रतिकुल अवस्थामा पनि विभिन्न कोणबाट सहयोग पुऱ्याउनु हुने विद्यार्थीहरु, प्राध्यापकहरु, त्रि.वि. पदाधिकारीहरु, कर्मचारीहरु, विद्यार्थी संगठनहरु, अविभावक, संचार क्षेत्र लगायत सम्पूर्णमा हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु । यहि मंसिर २९ गते देखि यस संकाय अन्तर्गत विगतमा स्थगित भएका स्नातकोत्तर तह र त्यस पछि क्रमश: स्नातक तहका परीक्षाहरु संचालन गर्ने कार्यक्रम सार्वजानिक गरिएको परिप्रेक्ष्यमा हालको अवस्थालाई मध्येनजर गर्दै परीक्षाको समय तथा प्रश्नपत्रको मोडालिटीमा समेत केही परिमार्जन गरिएको व्यहोरा पुन: जानकारी गराउनको साथै स्वास्थ्य सम्बन्धी तोकिएका सम्पूर्ण मापदण्डहरु अवलम्बन गर्दै विगतमा जस्तै परीक्षालाई प्रभावकारी एवं मर्यादित ढंगले संचालन गर्न सहयोग गर्नुहुने सम्पुर्णमा हार्दिक अनुरोध गर्दछु ।

.........................................

प्रा.डा.डिल्लीराज शर्मा
डीन